२१५

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त यशोदा तिम्सिना

## आदेश

मु.नं. २८९/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ......................................................१ पुनरावेदक

विरूद्ध

स्थानीय विकास अधिकारी (कार्यालय प्रमुख), जिल्ला बिकास समितिको कार्यालय, बाँके ........१ विपक्षी
सूचना अधिकारी, जिल्ला बिकास समितिको कार्यालय, बाँके ..........................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले जिल्ला बिकास समितिको कार्यालय, बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।११।१८ मा पुनरावेदन गरेकोमा जिल्ला विकास समितिको कार्यालय, बाँकेको मिति २०७१।१२।०२, च.नं. १८८१, प.सं. सूचना ०७१/०७२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना निवेदकलाई मिति २०७१।१२।०१ गतेको पत्र मार्फत उपलब्ध गराएको जानकारी आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी पुनरावेदकलाई दिनू ।

.......................
यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

.......................
कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल चैत्र २० गते रोज ६ शुभम् ।